बागचौर नगरपालिका
# स्थानीय राजपत्र
बागचौर नगरपालिकाबाट प्रकाशित
खण्डः६ संख्याः१५ मितिः- २०८०।०३।२७
भागः२

## नगर शिक्षक ब्यवस्थापन कार्यविधि, २०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०८०।०३।२६**

नगर शिक्षक ब्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि बागचौर नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षागत तथा विषयगत आधारमा शिक्षक अभावका कारण विद्यालयको नियमित अध्ययन अध्यापनमा उत्पन्न हुने कठिनाइलाई न्यूनिकरण गरी बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक व्यवस्थापन गर्न बान्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), नगर शिक्षा ऐन २०७५ (पहिलो शंसोधन २०७९) बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार कार्यविधि बनाउन सक्ने प्रावधान बमोजिम यस नगरपालिकाले नगर शिक्षक ब्यवस्थापन कार्यविधि २०८० तयार गरि नगर

कार्यपालिकाको मिति २०८०।०३।३१ को बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम बागचौर नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यपालिका" भन्नाले बागचौर नगरपालिका सल्यानको नगर कार्यपालिकालाई सम्झनुपर्छ

(ख) "कार्यालय भन्नाले बागचौर नगरपालिका सल्यानको कार्यालय सम्झनुपर्छ ।

(ग) दरबन्दी भन्नाले संघीय ससर्त अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी राहत दरबन्दी, अनुदान कोटा समेतलाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले बागचौर नगरपालिका सल्यानलाई सम्झनुपर्छ ।

(ङ) नगर शिक्षक भन्नाले यसै कार्यविधि बमोजिम विद्यालयले करार सम्झौता गरेको नगर शिक्षक सम्झनुपर्छ ।

(च) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन बागचौर २०७५ (पहिलो शंसोधन २०७९) बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ

(छ) “प्रमुख प्रशासकीय अधिकृत“ भन्नाले बागचौर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ ।

(ज) “शाखा“ भन्नाले बागचौर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(झ) “विद्यालय“ भन्नाले बागचौर नगरपालिका क्षेत्रभित्र सञ्चालित भई नगर शिक्षक कोटा,शिक्षण सहयोग अनुदान, स्वीकृत दरबन्दी राहत,अनुदान कोटा समेत बापत रकम प्राप्त गरेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

## परिच्छेद-२

**३. विद्यालय छनोटका आधारहरूः**

नगर शिक्षकको कोटा वितरणका लागि विद्यालय छनौटका आधार देहाए बमोजिम हुनेछन्ः

(क) पछिल्लो पटक अनुमति लिएको कक्षामा कम्तिमा दुई शैक्षिक सत्रको पढाई भएको हुनुपर्ने ।

(ख) प्रति कक्षा तोकिए वमोजिमको सख्या विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको हुनुपर्ने ,

(ग) विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने ।

(घ) नियमित रूपमा सामाजिक परीक्षण र लेखापरीक्षण भएको हुनुपर्ने ।

(ख) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(च) विद्यालयको वार्षिक कार्ययोजना तयार भएको हुनुपर्ने ।

(छ) विद्यालयले नियमित रुपमा (एकीकृत शैक्षिक तथ्याङ्क ) इमिस अद्यावधिक गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेको वेभपेजमा अपलोड गरेको हुनुपर्ने ।

(ज) कोटा वितरण गरिने तहमा शुन्य दरबन्दी रहेको वा एक मात्र दरबन्दी रहेको वा सम्बन्धित तहको शिक्षक विद्यार्थी अनुपात नगर शिक्षा नियमावली २०८० बमोजिम भएको हुनुपर्ने ।

**४.नगर शिक्षकको कोटा निर्धारण गर्नु पर्नेः**

(१) विद्यालयगत रुपमा रहने नगर शिक्षक र वालविकास सहजकर्ताको कोटा निर्धारणका लागि तपसिल बमोजिमको एक नगर शिक्षकको कोटा निर्धारण सिफारिस समिति रहनेछः-

(क) नगर प्रमुख संयोजक

(ख) सामाजिक विकास समिति संयोजक सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(घ) आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापक वा शिक्षक मध्येबाट नगर प्रमुखले तोकेको एक जना सदस्य

(ङ) नगर शिक्षा समिति सदस्य मध्येबाट नगर शिक्षा समितिले तोकेको एक जना महिला सहित ६ जना सदस्य

(च) शिक्षा परामर्श समिति मध्येबाट नगर प्रमुखले तोकेको दुइ जना सदस्य

(छ) प्रमुख शिक्षा अधिकृत वा प्रमुख शिक्षा अधिकृतको काम गर्न तोकिएको कमर्चारी सदस्य सचिब

(२) नगर शिक्षकको कोटा निर्धारणका लागि सिफरिस गर्दा उपदफा (१) बमोजिमको समितिले देहाएका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) विद्यालयहरुले दफा ३ बमोजिमका आधारहरु पुरा गरेको वा नगरेको सम्बन्धमा शाखाबाट सूचना लिने,

(ख) शाखाका कर्मचारीहरु तथा शिक्षा परामर्श समितिवाट विद्यालयको अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने,

(३) नगर शिक्षकको कोटा निर्धारणका लागि उपदफा (१) बमोजिमको समितिले नगर शिक्षा समिति समक्ष कोटा निर्धारण विवरण पेश गर्नुपर्ने छ । कोटा निर्धारण समितिबाट प्राप्त विवरण माथी नगर शिक्षा समितिमा आवश्यक छलफल गरी कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ । नगर शिक्षा समितिबाट प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले नगर शिक्षक कोटा स्वीकृत गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले नगर शिक्षकको कोटा निर्धारण गर्दा सम्वत् २०७९ साल चैत्र मसान्त भन्दा पहिले विद्यालयले नियुक्त गरी यो कार्यविधि लागू हुँदाका बखतसम्म नगर अनुदान कोटामा अविछिन्न रुपमा कार्यरत अध्यापन अनुमति पत्र प्राप्त गरेका शिक्षकहरुको संख्यालाई आधार लिन सकिने छ ।

## परिच्छेद—३

## नगर शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

**५.नगर शिक्षकको पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने:**

(१) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह र विषय खुलाई नगर शिक्षक कोटा निर्धारण भए पश्चात उक्त कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्धारा शिक्षक पदपूर्तिका लागि न्यूनतम

पन्ध्र दिनको अवधि तोकी कार्यालयको वेभसाईट मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन्

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको,

(ग–) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएका

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने
गरी सेवाबाट बरखास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता भएको,

(छ) अध्यापन अनुमति पत्र प्राप्त गरेको,

(ज) ४० वर्ष ननाघेको

(३) उप दफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि २ पटक सम्म विज्ञापन गर्दा पनि तोकिएको पदमा अध्यापन अनुमति पत्र प्राप्त गरेको ब्यक्तिको दरखास्त नपरेमा तेस्रो पटकको विज्ञापनमा शैक्षिक योग्यता पुगेको तर अध्यापन अनुमति पत्र प्राप्त नगरेको ब्यक्तिले समेत दरखास्त दिन सक्ने छ ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः**

(१)दफा ५ बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक

परीक्षाको पाठ्यक्रम परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रणाली शिक्षक सेवा आयोगले अपनाए जस्तै निष्पक्ष तथा स्वच्छ प्रतिस्पर्धामा आधारित हुनेछ ।

**७.नगर शिक्षक कोटामा पहिलो पटक शिक्षक पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः**

(१) दफा ५ को उपदफा (२) (ज) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिम नगर शिक्षकको कोटा निर्धारण गर्दा सम्वत् २०७९ साल बैशाष मसान्त भन्दा पहिले नगरपालिका भित्र नियुक्ति भई अस्थायी, राहत, शिक्षण सिकाई अनुदान, नगर अनुदान, नीजी श्रोत अन्तरर्गत अध्यापन गरेका अध्यापन अनुमति पत्र प्राप्त गरेका शिक्षकहरुको हकमा एक पटकलाई उमेरको हद लाग्ने छैन ।

(२) यस कार्यविधि प्रारम्भ हुनु भन्दा अघि नगर अनुदान र प्रारम्भिक बालबिकासमा नियुक्त भएका शिक्षकहरुको हकमा अन्तर्वार्ताको अंकमा प्रतिवर्षको कार्यअनुभव वापत ०.५ का दरले अधिकतम २.५ अंक प्रदान गरिनेछ । साथै बागचौर नगरपालिकाबासीको हकमा अन्तर्वार्तामा २.५ अंक प्रदान गरिनेछ ।

**८. विज्ञापनका लागि पदसंख्या निर्धारण गर्नु पर्नेः**

(१) रिक्त नगर शिक्षक कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा नगर शिक्षक पदपूर्तिका लागि गरिने विज्ञापनमा शिक्षक सेवा आयोगले अपनाए झैं समावेशी सिद्धान्त समेत अपनाई पद संख्या निर्धारण गरी विज्ञापन गर्नु पर्नेछ ।

(क) खुला ५५ प्रतिशतमा नगर शिक्षक कोटा निर्धारण गरिने छ ।

(ख) ४५ प्रतिशतलाई १०० प्रतिशतको आधारबाट देहाए वमोजिम समावेशी नगर शिक्षक कोटा निर्धारण गरिने छः-

१.महिला:४० प्रतिशत

२.जनजाती आदीवासी: २० प्रतिशत

३.दलित:३० प्रतिशत

४.अपाङ्ग:१० प्रतिशत

**९. नगर शिक्षक छनौट समितिः**

(१) यस कार्यविधि बमोजिम कार्यपालिकाबाट निर्धारण भई विद्यालय तथा विषयगत रुपमा वितरण भएको नगर शिक्षक कोटामा नगर शिक्षकको पदपूर्ति देहाएको नगर शिक्षक छनौट समितिले गर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) सामुदायिक विद्यालयका तहगत विषय विज्ञ शिक्षकहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका दुई जना सदस्य

(ग) नगरपालिकाका अधिकृत कर्मचारी वा कर्मचारी हरुमध्येबाट नगर प्रमुखले मनोनित गरेका एक जना सदस्य

(घ) प्रमुख शिक्षा अधिकृत वा प्रमुख शिक्षा अधिकृतको काम गर्न तोकिएको कर्मचारी सदस्य— सचिव

(२) तहगत र विषयगत आकश्यक्ताका आधारमा समितिले आबश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु र सम्बन्धित शाखाको कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगर शिक्षक छनौटका पदाधिकारी र आमन्त्रित सदस्यहरुले अर्थ मन्त्रालयको स्वीकृत बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउने छन् ।

(४) समितिको कार्य संचालन तथा बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**१०.नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः**

नगर शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले स्वीकृत गरी वितरण भएका कोटामा करारमा नगर शिक्षक नियुक्ति गर्न खुला प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) नगर शिक्षक छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वाता परीक्षमा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट तथा कोटा रहेको विद्यालयका लागि पदस्थापना र करार सम्झौता गरि हाजिरीका लागि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने ।

**११. नगर शिक्षकको करार सम्झौताः**

(१) नगर शिक्षक छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई शिक्षा,युवा तथा खेलकुद शाखाले नगर शिक्षकको रुपमा करार सम्झौता गरी कामकाज गराउनु पर्नेछ ।

## परिच्छेद—४

## नगर शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

### १२. नगर शिक्षकको पारिश्रमिक तथा अन्य सुविधाः

(१) नगर शिक्षकको मासिक पारिश्रमिक, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा नगरकार्यपालिकाले समयसमयमा तोकेबमोजिम हुनेछ । तर पहिलो पटक नगर कार्यपालिकाले नगर शिक्षकको मासिक पारिश्रमिक,चाडपर्व खर्च तथा अन्य सुविधा तोक्दा २०८० साउन महिनादेखि लागू हुने गरी तोक्नु पर्नेछ ।

(२) नगर शिक्षकको मासिक पारिश्रमिक विद्यालयबाट पेश हुने माग फारम तथा हाजिरीका आधारमा त्रैमासिक रुपमा, चाडपर्व खर्च प्रथम त्रैमासिक अवधिमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ । सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

### १३. नगर शिक्षकको काज तथा विदाः

(१) नगर शिक्षकले करार सम्झौतामा उल्लेख भए बमोजिम मासिक भैपरी विदा आधा दिन र पर्व विदा आधा दिनका दरले र विरामी विदा वापत एक वर्षमा ६ दिन पाउने छन् । नगर शिक्षकले यस यस कार्यविधि बमोजिम पाउने विदा अर्को शैक्षिक सत्रका लागि संचित गर्न पाउने छैनन् । साथै सो विदा वापतको अन्य कुनै किसिमको अतिरिक्त सुविधा गराइने छैन ।

**१४.नगर शिक्षकले पालना गर्नु पर्ने आचारसंहिताः नगर शिक्षकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः-**

(क) विद्यालयसंग भएको करार सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) नगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दल को गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने ।

**१५. नगर शिक्षकलाई हुन सक्ने सजायः**

(१) उचित र प्रयाप्त कारण भएमा नगर शिक्षकलाई देहायको सजाय हुन सक्नेछ ः—

(क) नसिहत दिने,

(ख) बढीमा एक त्रैमासिक अवधिको तलब रोक्का गर्ने,

(ग) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने,

(२) विद्यालय आउने जाने समय पालना नगरेमा नगर शिक्षकलाई नसिहत दिन सकिनेछ ।

(३) अनुशासनहिन काम गरेमा, बराबर विद्यालयको समय पालना नगरेमा, आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा नगर शिक्षकलाई बढीमा एक त्रैमासिक अवधिको पारिश्रमिक रोक्का गरिनेछ ।

(४) पदीय दायित्व पुरा नगरेमा, विना सूचना पन्ध्र दिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा, राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा भविष्यमा नगर शिक्षक नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

(६) नगर शिक्षकलाई नसिहत दिने र बढीमा एक त्रैमासिक तलब रोक्का गर्ने सजाय विद्यालय व्यवस्थापन समिति तथा भविष्यमा नगर शिक्षकको नोकरीको निमित अयोग्य नठहरिने र ठहरिने गरी सेवाबाट हटाउने सजाय नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद-४

## नगर शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था

**१६. नगर शिक्षक अनुदानका रुपमा पारिश्रमिक रकम वितरण गर्ने प्रक्रियाः**

(१) नगर शिक्षकको रुपममा कार्यरत शिक्षकहरुको पारिश्रमि रकम सम्बन्धित विद्यालयहरुको बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम प्राप्त गर्न विद्यालयहरुले नगर अनुदानमा कार्यरत रहेका शिक्षकको नाममा शाखाले तोकेको ढाँचामा हरेक त्रैमासिक अवधिमा माग फाराम तथा हाजिर विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको माग फाराम तथा हाजिरी विवरणका आधारमा शाखाले त्रैमासिक विवरण तयार पारी नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्ने र आर्थिक प्रशासन शाखाले शाखाबाट प्राप्त विवरणका आधारमा सम्बन्धित विद्यालयको बैंक खाता मार्फत पारिश्रमिक वापतको अनुदान रकम त्रैमासिक रुपमा निकासा गर्नेछ ।

## परिच्छेद-५

## विविध

**१७. दरबन्दी मिलान, पदस्थापना र सरुवाः**

(१) नगरपालिकाले आबश्यकतको आधारमा गर्ने दरबन्दी मिलानबाट कुनै विद्यालयमा नगर शिक्षकको कोटा कट्टी भई अर्को विद्यालयमा थप हुन गएमा उक्त कोटामा कार्यरत

शिक्षक दरबन्दी थप हुने विद्यालयमा स्वतः पदस्थापना भएको मानिनेछ ।

(२) नगर शिक्षकहरुलाई नगरपालिकाको एउटा सामुदायिक विद्यालयको नगर शिक्षक कोटाबाट अर्को सामुदायिक विद्यालयको नगर शिक्षक कोटामा नगर शिक्षा समितिको निर्णयानुसार शाखा प्रमुखले सरुवा गर्न सक्नेछ ।

(३) यस कार्यविधि प्रारम्भ हुनु भन्दा अघि नगर अनुदान बाट नियुक्त भएका शिक्षकहरु र बालबिकास सहजकर्ताहरुको आ.व.२०८०।०८१ को साउन ०१ गते देखि म्याद थप हुने छैन तर नगर शिक्षक छनौट समितिले नगर शिक्षक छनौटका लागि गरेको विज्ञापनमा दरखास्त दिन बन्चीत गरिने छैन ।

**१८. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ  फुकाउ गर्न सक्ने छ ।

**१९. बचाउ र खारेजीः**

(१) यो कार्यविधि जारी हुनुभन्दा पहिलेका आर्थिक वर्षहरुमा नगरपालिकाको वार्षिक निति,कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई नगर शिक्षकहरुका लागि विद्यालयहरुमा निकासा गरिएको पारिश्रमिक तथा थप पारिश्रमिक वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।